# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३ ) काठमाडौं, वैशाख ८ गते २०६० साल ( अतिरिक्ताङ्क ८ (ग्र)

## भाग ३

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको सूचना

नेपाल स्वास्थ्य सेवा (पहिलो संशोधन) नियमावली, २०६०

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : यी नियमहरूको नाम "नेपाल स्वास्थ्य सेवा (पहिलो संशोधन) नियमावली, २०६०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५३ मा संशोधन : नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५३ को उपनियम (६) पछि देहायको उपनियम (६क) थपिएको छ,-

"(६क) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले तोकेको नेपाल अधिराज्यभित्रका विश्वविद्यालय वा शिक्षण संस्थाद्वारा सञ्चालन गरिने स्नातकोत्तर तहमा अध्ययनका लागि छानिएका कर्मचारीले कम्तीमा एकवर्ष अति दुर्गमक्षेत्र वा दुई वर्ष दुर्गम क्षेत्रमा सेवा गरी न्यूनतम दुईवर्ष अवधि पुरा गरेको भए त्यस्तो कर्मचारीलाई अध्ययन बिदा प्रदानगर्न बाधा पर्नेछैन ।"

आज्ञाले,
महेन्द्रनाथ अर्याल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०११

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

१०१२